संघीय संसद
राष्ट्रिय सभा
तेह्रौं अधिवेशन
बैठक-१२
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:३५ बजे*
*बैठक स्थगित : ३:३५ बजे*

२०७९ चैत १२ गते, बुधबार

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको बाह्रौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय गंगाकुमारी बेल्वासे**ले मिटरब्याजीहरूको आन्दोलन चलिरहेको र उनीहरूको माग चाँडो सम्बोधन हुनुपर्ने बताउँदै मिटरब्याजी आन्दोलनकारी असुरक्षित बन्ने अवस्था बनेको र मिटरब्याजी आन्दोलनका शुरूवातकर्ता डाँचाराम वाग्ले दुर्घटनामा परेको घटनाको निष्पक्ष छानविन गर्न माग गर्नुभयो।

**माननीय दिलकुमारी थापा (पार्वती)** ले स्वास्थ्य प्रणालीको समस्याको बारेमा बोल्नुहुदैं तीन तहका सरकारबीच समन्वय हुन नसक्दा स्वास्थ्य सम्बन्धी संबैधानिक हकको कार्यान्वयन नभएको बताउनुहुँदै वीर अस्पतालमा रडियोथेरापी मेसिन बिग्रेको तीन वर्ष भएको तर हालसम्म नबनेको साथै बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा सिटिस्क्यान मेसिन नभएको जानकारी गराउनुभयो। राज्यले संबैधानिक व्यवस्था र कानुनको पालनामा गम्भिरता देखाउनुपर्ने र स्वास्थ्य सम्बन्धी रणनीति चाँडै निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

**माननीय अनिता देवकोटा**ले निर्वाचित सबैप्रति शुभकामना व्यक्त गर्दै संविधान निर्माण भएपछि दुईपटक तीन तहको निर्वाचन सम्पन्न भएपनि नागरिकको अवस्थामा कुनै सुधार हुन नसकेको बताउनुभयो। उहाँले युवाहरूमा एक प्रकारको निराशा बढ्दै गइरहेकोले अब सरकारले नागरिकलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले संविधान प्रदत्त अधिकारलाई व्यवस्थित गर्न कानुन बन्न नसकेको र नागरिकता विधेयक, २०६३ संशोधन हुन नसकेको, राष्ट्रपति र उपराष्ट्रपतिको चुनावमा फरक लिङ्ग र समुदायबाट छनौट हुनुपर्नेमा त्यसो हुन नसकेको बताउनुभयो । घोराही तुलसीपुर सडक खण्ड, घोराही कमिरेचौर मुर्कुटी हुँदै प्युठान जोड्ने सडकको स्तरोन्नति गर्नुपर्ने र महेन्द्र राजमार्ग अन्तर्गत नारायणघाटदेखि बुटवलसम्मको सडक समयमा नै सञ्चालन गरियोस् भनी माग समेत गर्नुभयो।

**माननीय जयन्ती देवी राई**ले बैदशिक रोजगारीको समस्या उल्लेख गदै बैदशिक रोजगारीको समस्या समाधानको लागि स्वदेशमा नै श्रम सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

**माननीय बामदेव गौतम**ले अपराधको प्रकृतिको आधारमा क्षमा र सजायको व्यवस्था हुने बताउँदै विभेद र छुवाछुत जस्तो जघन्य अपराधमा कडा सजाय हुनुपर्ने बताउनुभयो। संविधानले छुवाछुत र भेदभाव गर्ने व्यवस्था नगरेको बताउँदै संविधान र कानुनमा रहेका दलित समुदायको हक अधिकार भन्ने शब्दावलीले दलित समुदाय रहिरहने कुरालाई स्वीकार गर्ने र उनीहरूलाई पीडित बनाइराख्ने बताउँनुहुँदै छुवाछुत र भेदभावलाई जघन्य अपराध घोषणा गरी यसको आमुल परिवर्तन गर्नुपर्ने बताउनुभयो।

**माननीय महेश कुमार महराले** जनयुद्धमा सहादत प्राप्त गर्ने योद्धालाई सरकारले शहिद घोषणा गरेकोमा धन्यवाद दिनुहुँदै जनयुद्धका घाइते, मधेस आन्दोलन र अन्य विभिन्न आन्दोलनमा घाइतेलाई नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हकको कार्यान्वयनका लागि ऐन बनाउन सरकार समक्ष माग गर्नुभयो। उहाँले डडेल्धुराको रङ्गुन नदिमा तटबन्ध निर्माण गर्नको लागि बजेट विनियोजन गर्न र डडेल्धुराको अलितात गाउँपालिकामा पहिरोको जोखिमको व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । साथै यही संविधान मानेर प्रतिनिधि सभामा आउने र यही व्यवस्थाको बिरोध गर्ने गरेकाले त्यसरी संविधान विरुद्ध नबोल्न आग्रह गर्नुभयो।

**माननीय तुलसा दाहालले** राउटे समुदायको जीवन कष्टकर रहेको, उनीहरूलाई उपलब्ध गराउने भत्ताको सही सदुपयोग हुन नसकेको बताउँदै उनीहरूको परम्परागत सामग्रीको खरिद गर्ने व्यवस्था तथा परम्परागत सीपको आधुनिकीकरण गर्नुपर्नेमा जोड दिनुभयो । राउटे समुदायको संरक्षण गर्न निशुल्क शिक्षा, स्वास्थ्य र खाद्यान्नको पहलगर्नु आवश्यक भएको बताउनुभयो ।

**माननीय युवराज शर्माले** सम्मानित पदमा बसेकाप्रति अमर्यादित भाषा प्रयोग गर्ने कार्यप्रति अस्वाभाविक सहनशीलता रहेको बताउँदै नागरिकमा नेताप्रतिको विश्वास घट्दै गइरहेको र व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रभावहीन हुँदै गइरहेको त छैन भनी प्रश्न गर्नुभयो । बजेट, नीति तथा कार्यक्रम बनाउँदा सचेत हुनुपर्ने बताउँदै भन्सार र कर नीतिमा व्यापक परिवर्तन गरी नागरिकको विश्वास जित्ने नीति तर्जुमा गर्न सरकारसँग आग्रह गर्नुभयो।

**माननीय राजेन्द्र लक्ष्मी गैरेले** एम. सी. सी. मार्फत निर्माण हुने विद्युत् प्रसारण लाइन विस्तार गर्ने योजनाको काम हालसम्म ४/५ प्रतिशत मात्रै सम्पन्न भएको र मुआब्जाको काम पनि अघि बढ्न नसकेको बताउनुहुँदै सरकारले राष्ट्रिय गौरवका योजनाहरू लागु गरिरहँदा त्यहाँका स्थानीय समुदायलाई मर्का परेमा सरकारले हेर्नुपर्ने बताउनुभयो । जनतालाई मुआब्जा प्रदान गरी उक्त योजना पाँच वर्षभित्र सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय मोहम्मद खालिद**ले रमजानको शुभकामना प्रदान गर्नुहुँदै तथ्याङ्क विभागको प्रतिवेदन अनुसार शैक्षिक अवस्था सुधार भएपनि चाहेको जस्तो नभएकोले मदरसा शिक्षालाई राज्यले प्राथमिकता दिई विकास गर्नुपर्ने बताउनुभयो।

**माननीय शेखर कुमार सिंहले** बेहलिया भन्सारदेखि इनरुवासम्म १३ किलोमिटर बाटो बनाउन माग गर्नुभयो । साथै वर्तमान सरकारले नागरिकता समस्या पनि समाधान गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

**माननीय तुल प्रसाद विश्वकर्माले** उत्पीडित दलित समुदायको उत्थानका लागि कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

**माननीय खिमलाल देवकोटा**ले चितवनमा निर्मित क्रिकेट रङ्गशाला निर्माणको अपनत्व भरतपुर महानगरपालिकाले लिनुपर्ने बताउनुभयो । शिक्षालाई आय र रोजगारीसँग जोड्नुपर्नेमा जोड दिनुहुँदै वर्तमान शासन व्यवस्थामा सुशासनको अनुभुति नभएको विषयको उठान गर्नुभयो ।

**माननीय जगप्रसाद शर्मा**ले सम्माननीय राष्ट्रपति र उपराष्ट्रपतिलाई बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गर्नुहुँदै सरकार विस्तारलाई चाँडो सम्पन्न गरी समृद्धिको अभियानलाई पुरा गर्नुपर्ने बताउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले विशेष समयमा बोल्ने समय समाप्त भएको जानकारी गराउँनुहुँदै सरकारी एवम् सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम, अति विशिष्ट तथा विशिष्ट पदाधिकारीलाई गरिने सम्बोधन तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग र अतिविशिष्ट तथा विशिष्ट व्यक्तिलाई सम्मान प्रकट गर्ने, सलामी दिनेलगायतका विषयहरू समावेश गरी राष्ट्रिय सभामा गैरसरकारी विधेयकको **माननीय गोपी बहादुर सार्की आछामी, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय देवेन्द्र दाहाल, माननीय प्रकाश पन्थ, माननीय प्रमिला कुमारी, माननीय डा. बेदुराम भुसाल, माननीय रमेशजंग रायमाझी र माननीय शेखर कुमार सिंह**ले संयुक्त रूपमा **"राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९"** दर्ता गर्नुभएको बेहोरा जानकारी गराउनुभयो।

यसपश्चात सम्माननीय अध्यक्षले **"राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदै उक्त विधेयक प्रस्तुतकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसाललाई **"राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९"** सभासमक्ष पेस गर्न अनुमति दिनुभएपश्चात माननीय सदस्य डा. बेदुराम भुसालले उक्त बिधेयक सभा समक्ष पेस गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक सोही दिन, दिनको ३ बजेर ५१ मिनेटमा बस्ने गरी उक्त बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव